बाँके राष्ट्रिय निकुञ्ज कार्यालय, ओभरी, बाँके

# क्यानोपी ब्रिज (Canopy Bridge) को परीक्षण सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ती

पूर्व पश्चिम राजमार्गको पूर्वमा बाँके जिल्लाको शिवखोला देखि पश्चिममा कोहलपुर चोक सम्मको ७२ कि.मी. क्षेत्र बाँके राष्ट्रिय निकुञ्जको सिमानाभित्र पर्दछ भने रत्न राजमार्गको कोहलपुर चोकदेखि बबईपुल सम्मको ३० कि.मी.क्षेत्र बाँके र बर्दिया राष्ट्रिय निकुञ्जभित्र पर्दछ । बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ र बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१ बमोजिम निकुञ्ज क्षेत्रको राजमार्गमा सवारी साधनको गति ४० कि.मी.प्रति घण्टा तोकिएको छ । तोकिएको गति भन्दा बढि गतिमा सवारी साधन चलाउँदा कहिले काँही उक्त सडक खण्डमा सडक दुर्घटनामा परी वन्यजन्तुको मृत्यु हुने गरेको छ । सडक दुर्घटनाबाट वन्यजन्तुको मृत्युलाई न्यूनीकरण गर्नका लागि विभिन्न प्रयासहरु हुँदै आएको छ ।

पूर्व पश्चिम राजमार्गको अगैयादेखि ओभरी खण्डको ३ ठाउँमा र रत्न राजमार्गको चिसापानी खण्डको २ ठाउँ गरी जम्मा ५ ठाउँमा ६ वटा क्यानोपी ब्रिजहरु (राजमार्गको दायाँ बायाँ रुखमा डोरी टांगेर बनाइएको पुल) परीक्षणको रुपमा निर्माण गरिएको छ । यस प्रकारको पुलबाट रुख चढ्ने बाँदर, लोखर्के, मुसा लगायत रुखको हाँगामा वस्ने प्रजाति (Arboreal species) हरु ओहरदोहर गर्न सजिलो हुने अपेक्षा गरिएको छ । पुल निर्माणको मुख्य उद्देश्य अधिकांश समय रुखमा वस्ने बाँदर, लोखर्के जस्ता वन्यजन्तुहरु राजमार्ग ओहोरदोहर गर्ने क्रममा उक्त पुलको प्रयोग गर्ने र त्यसबाट सडक दुर्घटना न्यूनीकरण गर्नु रहेको छ । यसरी निर्माण भएको ब्रिजमा कुन वन्यजन्तुले कति प्रयोग गर्छ भन्ने सूचना प्राप्त गर्न Cudde Back कम्पनीको ९ थान क्यामरा ट्र्याप राखिएको छ । क्यामरा ट्र्याप ६ महिना सम्म राखी नियमित रुपमा अनुगमन गरिनेछ । ब्रिज निर्माणको लागि जुट र रेशमको डोरी तथा स-साना काठ प्रयोग भएको छ । यस प्रकारको काम अन्य देशहरुमा सफल भईसकेकोले नेपालमा पहिलो पटक परीक्षणको रुपमा शुरु गरिएको छ । यस कार्यको लागि WWF Nepal को हरियो वन कार्यक्रमबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त भएको छ । ब्रिज निर्माण तथा अनुगमनको लागि रु.२ लाख ३१ हजार रकम खर्च हुनेछ ।

परीक्षणको लागि निर्माण भएको क्यानोपी ब्रिजको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | स्थान | लम्बाई (मीटर) | चौडाई (मीटर) | उचाई (मीटर) | कैफियत |
|---|---|---|---|---|---|
| १ | खैरी क्षेत्र | २५ मी. | ०.४५ मी. | ८ मी.भन्दा बढि | |
| २ | मुगुवा क्षेत्र १ | २४ मी. | ०.४५ मी. | ८ मी.भन्दा बढि | |
| ३ | मुगुवा क्षेत्र २ | २२ मी. | ०.४५ मी. | ८ मी.भन्दा बढि | २ वटा पुल एकै ठाउँमा राखिएको |
| ४ | चिसापानी क्षेत्र १ | १७ मी. | ०.४५ मी. | ८ मी.भन्दा बढि | |
| ५ | चिसापानी क्षेत्र २ | १४ मी. | ०.४५ मी. | ८ मी.भन्दा बढि | |

सडक दुर्घटनामा परी मृत्यु भएका वन्यजन्तुको विवरण निम्न बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | वन्यजन्तु मृत्यु संख्या | कैफियत |
|---|---|---|---|
| १ | २०७१।७२ | २४ | |
| २ | २०७२।७३ | ५० | बाँदर १, ४ लोखर्के, न्याउरी मुसा १, गोहोरो १ (५० मध्ये) |
| ३ | २०७३।७४ | ८३ | बाँदर १३, गोहोरो १ (८३ मध्ये) |
| ४ | २०७४।७५ | ७२ | बाँदर ७, मलसाप्रो १, गोहोरो ५ (७२ मध्ये) |
| ५ | २०७५।७६ | ४५ | बाँदर ७, लोखर्के १, गोहोरो १, न्याउरी मुसा १ (४५ मध्ये) |
| ६ | २०७६।७७ | ६ | बाँदर २, लोखर्के १, गोहोरो १, निर विरालो १ (६ मध्ये) |

..............................

(विष्णु प्रसाद थपलिया)

सूचना अधिकारी/सहायक संरक्षण अधिकृत

मिति : २०७६।६।१२

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बाँके राष्ट्रिय निकुञ्ज कार्यालय
ओभरी, बाँके

Scanned with CamScanner